# दुहवी नगरपालिका
# नगर कार्यपालिका को कार्यालय
## दुहवी, सुनसरी
## कोशी प्रदेश, नेपाल

प. सं. : ०८०/८१
च.न. :

फोन नं. : ०२५-५४००२४

मितिः २०८०/०६/२६

सूचना ! सूचना ! ! सूचना ! ! !

**विषयः अवैध घर टहरा तथा बनेका संरचना खाली गर्ने सम्बन्धी १५ दिने सूचना**

यस नगरपालिकाको स्वामित्वमा रहेको जिल्ला सुनसरी साविक दुहवी गा.वि.स. हाल दुहवी नगरपालिका वडा नं. ५ अन्तरगत रहेको जिल्ला सुनसरी दुहवी गा.प.वडा नं. ६(ख) कि.नं.४३३ ज.वि. ०-८-१५ प्लटभित्र रहेका व्यक्ति तथा संस्थाका अवैध घर टहरा तथा बनेका संरचनाहरु यस नगरपालिकालाई नगरपालिकाको पूर्वाधार विकासका लागि वडा कार्यालय र सामुदायिक भवन लगायतका संरचनाहरु निर्माण गर्न उक्त कि.नं. ४३३ ज.वि. ०-८-१५ प्लटमा बनेका संरचनाहरु खाली गर्नुपर्ने भएको हुँदा यस नगरपालिकाको मिति २०८०/०६/२४ गतेको नगर कार्यपालिकाको अवैध घर टहरा तथा बनेका संरचनाहरु खाली गर्ने सम्बन्धमा भएको निर्णय बमोजिम यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र व्यक्ति/संस्थाले आ-आफूले निर्माण गरेका अवैध घर टहरा तथा बनेका संरचनाहरु हटाई सहयोग गरिदिनुहुन अनुरोध छ । यो सूचनाको अटेर गरी अवैध घर टहरा तथा बनेका संरचनाहरु नहटाएमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा प्रचलित कानून बमोजिम नगरपालिका आफैले घर टहरा तथा बनेका संरचना हटाई जग्गा खाली गरिनेछ । त्यसरी अवैध घर टहरा तथा बनेका संरचनाहरु खाली गर्नुपर्दा लागेको खर्चहरु सम्बन्धित व्यक्ति/संस्थाबाट कानून बमोजिम असुल उपर गरिने व्यहोरा समेत यसै सूचनामार्फत सम्बन्धित सबै सरोकारवालाहरुलाई सूचित गरिन्छ ।

राजकुमार के. सी.
प्रमुख प्रशासकीय अधिकृत

website : www.duhabimun.gov.np, E-mail : info@duhabimun.gov.np, duhabibhaluwamun@gmail.com